श्री पावर सामुदायिक वन उपभेक्ता समुह
शि.न.पा.१४ पावर अर्घाखाँची

पत्र सख्या - २०८२/०८३
च. नं. -20

मिति- २०८२/१२/३०

विषय - वेभसाईटमा सुचना अपलोड गरिदिने बारे।

श्री बन तथा बाताबरण मन्त्रालय, राप्ती उपत्यका देउखुरी दाङ ।
श्री बन निर्देशनालय बुटबल, रुपन्देही ।
श्री डिभिजन बन कार्यालय, अर्घाखाँची ।

उपरोक्त सम्बन्धमा यस सामुदायिक बनको स्वीकृत बन कार्ययोजना वमोजिम छपान भै डिभिजन वन कार्यालय अर्घाखाँचीको संकलन सहमती अनुसार संकलन भै घाटगद्दी गरी राखेको काठ समुह वाहिर लिलाम बिक्रि गर्ने सिलसिलामा यस समुहबाट मिति २०८२/१२/२८ गते देखि लागु हुने गरी पहिलो पटक २१ दिने सुचना समेत प्रकाशन भै सकेकोले सो सम्बन्धी पुर्ण विवरणको सुचना यसै पत्र साथ सम्लग्न छ नियमानुसार कार्यालयको वेभसाईटमा अपलोड गरि दिनु हुन सादर अनुरोध छ ।

बिर बहादुर खाम्चाकी
अध्यक्ष

विर बहादुर सम्चाकी
अध्यक्ष

श्री पावर सामुदायिक वन उपभेक्ता समुह
शितगंगा न.पा. १४ पावर अर्घाखाँची

# काठ/दाउरा लिलाम सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकाशित - २०८२/१२/२८ (मध्यन्न रष्ट्रिय दैनिक)**

यस सामुदायिक बनको स्वीकृत वन कार्ययोजना बमोजिम डिभिजन वन कार्यालय अर्घाखाँचीवाट संकलन सहमती लिई संकलन गरेको काठ/दाउरा शितगंगा - १४ गोठेथरीमा घाटगढीमा रहेका निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ । काठ/दाउराको कारोवार गर्ने उदेश्यले स्थायी लेखा नम्वर (PAN) र मुल्यअभिवृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति वा फर्मले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ सौ दिन सम्म दाखिला गर्न आह्वान गरिन्छ ।

| सि. नं. | जात | लट नं. | ग्रेड | गो.थान | परिमाण घन फिट | न्युनतम दर रेट प्रति ईकाइ | |
|---|---|---|---|---|---|---|---|
| १ | साल | - | A | ३६ | ५४०.५३ | १२५०।- | कटान मुछान खर्च<br>काठ रु.१८६।-प्रति क्यू.फि.<br>दाउरा प्रति चट्टा रु. १८१५०।- |
| | | | B | ११९ | १२१४.६१ | ९००।- | |
| | | | C | ३२७ | १७७९.४५ | ६००।- | |
| | | | D | २३४ | ६६९.६६ | ३००।- | |
| २ | असना | | A | १३ | १८७.३७ | ४००।- | |
| | | | B | १३ | १३२.५० | ३००।- | |
| | | | C | ६७ | ३२४.२४ | १००।- | |
| ३ | जामुन | | C | ११ | ४६.०९ | १००।- | |
| ४ | कुसुम | | - | २ | २५.२५ | १००।- | |
| ५ | साल दाउरा १७.२५ चट्टा | | | | | १२०००।- | |
| ६ | अन्य दाउरा १४.७५ चट्टा | | | | | ४०००।- | |

१. वोलमत्र खरिद गर्ने अन्तिम मिति र समय २०८३/०१/२१ गते कार्यालय समय भित्र ।

२. वोलमत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८३/०१/२२ गते **दिनको १.०० बजे सम्म ।**

३. वोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु -

**(क) समुहको कार्यालय । (ख) डिभिजन बन कार्यालय अर्घाखाँची ।**

४. वोलपत्र साथ कवोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस सामुदायिक वनको नाममा रहेको कृषि विकास वैक शाखा कार्यालय वुटवलमा रहेको खाता नं. ०४१४८००२४६०१९०१९ मा जम्मा गरेको सक्कल भौचर वा ६ (छ) महिनाको वैंक जमानत पेश गर्नु पर्ने छ ।

**५. प्रति बोलपत्र बापत रु.२०००।- लाग्ने छ र सो रकम पनि उपरोक्त बैक खातामा जम्मा गरेको भौचर पेश गरे पछि मात्र पाईने छ**

६. लिलाम हुने वन पैदावार शितगंगा १४ गोठेथरीमा रहेको घाटगढीमा स्थलगत रुपमा हेर्न सकिने छ ।

७. रितपुर्वक र न्युनतम सख्याको वोलपत्र पेश भएमा मिति २०८३/०१/२३ गते दिउसो ४.०० वजे समितिका पदाधिकारी, वन कर्मचारी, खरिदकार्ता प्रतिनिधि (उपस्थित नभए पनि) र अन्य व्यक्तिहरुको रोहवरमा समुहको कार्यालयमा खोलिने छ ।

८.लिलाममा भाग लिन चाहने व्यक्ति वा फर्मले नागरिकता, कर चुक्ताको प्रमाण पत्र, उद्योग दर्ता, मुल्य अभिवृद्धि कर (VAT) मा दर्ता को प्रमाण पत्र, र स्थायी लेखा नम्वर(PAN) र **डिभिजन बन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको** को प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

९.सकार रकम अंक र अक्षेरमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक पाईएमा अक्षरलाई मान्यता दिईने छ ।

१०. वोलपत्र सदर वा वदर गर्ने अधिकार यस सामुदायिक वन उपभोक्ता समुहलाई निहित रहने छ ।

११. लिलाम स्वीकृत भएको जानाकारी पाएको ४५ (पैंतालिस) दिन भित्र नियमानुसार पकिया पुर गरी नलगेमा धरौटी जफत गरी दास्रो हुनेलाई दिईने छ ।

१२. थप जानाकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला ।

१३. अन्य प्रचलित कानुन वमोजिम हुने छ ।

# काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/१२/२८ गते)**

यस सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई शितगंगा १४ गोठेथरीमा घाटगद्दी गरी राखिएको साल जातको काठ ४२०४.२५ क्यू. फि., अन्य जातको ७१५.४४ क्यू. फि. तथा साल दाउरा १५.०० चट्टा र अन्य दाउरा ९.०० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्वन्धि विस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा, डिभिजन वन कार्यालय अर्घाखाँचीमा र अर्घाखाँची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ।

**श्री पावर सामुदायिक वन उपभोक्ता समूह**

**शितगंगा न.पा. १४ अर्घाखाँची**